नगर कार्यपालिकाको
बैठक संख्या २८/२०७९-०८४
मिति २०८०/३/३० को
निर्णय प्रमाणित

बैठक संख्याः २८/२०७९-०८४

मिति २०८० साल असार ३० गतेका दिन बसेको कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

निर्णय नं. १

नगर कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गरियो । कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. ५८५१, मिति २०८०/०३/२५ को स्वास्थ्यकर्मीको कामकाज व्यवस्थापन सम्बन्धी पत्र प्राप्त भएकोमा स्वास्थ्य सेवाका यस नगरपालिकामा कार्यरत नेपाल सरकारको स्वीकृत दरबन्दी भन्दा बढी संख्यामा रहेका कर्मचारीहरुको व्यवस्थापन गर्न मिति २०८०/०४/०१ गतेदेखि लागु हुने गरी तपसिल बमोजिमका कर्मचारीहरुलाई निजहरु यस नगरपालिकामा समायोजन संशोधन/ मिलान/ कामकाजमा खटिनु पूर्व जुन निकायमा कार्यरत थिए सोही निकायमा फिर्ता गरी सो को जानकारी मन्त्रालय पठाउने ।

<u>स्वास्थ्य तर्फका कर्मचारी फिर्ता विवरणः</u>

| क. सं. | क.सं.नं. | नाम थर | पद | तह | सेवा | समुह |
|---|---|---|---|---|---|---|
| १ | १८२८२२ | गेहराज खनाल | सि.अ.हे.व.अ. | ६ | स्वास्थ्य | हे.ई. |
| २ | १७५११९ | शारदा चन्द | सि.अ.हे.व.अ. | ६ | स्वास्थ्य | हे.ई. |
| ३ | १५५३५६ | मिठ्ठु कुमारी शाही | सि.अ.हे.ब.अ. | ६ | स्वास्थ्य | हे.ई. |
| ४ | २२४२९९ | प्रतिभा बि.सी. | ज.स्वा.नि. | ६ | स्वास्थ्य | हे.ई. |
| ५ | १८६९०२ | राधिका गैरे | सि.अ.न.मि.निरीक्षक | ६ | स्वास्थ्य | प.हे.न. |
| ६ | २३३१७३ | राधा कुमारी के.सी. | स्टाफ नर्स | ५ | स्वास्थ्य | नर्सिङ् |
| ७ | २१५७११ | नन्दकला खड्का डाँगी | सि.अ.न.मि. | ५ | स्वास्थ्य | क.न. |
| ८ | २२४८६३ | पशुपति मल्ल | सि.अ.हे.ब. | ५ | स्वास्थ्य | हे.ई. |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या २८।२०७९-०८० मिति २०८०।३।३० को निर्णय प्रमाणित

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | २२२७५४ | निरुता के.सी. | सि.अ.न.मि. | ५ | स्वास्थ्य | क.न. |
| १० | २२२४५३ | कल्पना घर्ति शर्मा | सि.अ.हे.ब. | ५ | स्वास्थ्य | हे.ई. |
| ११ | २२०४३८ | कृष्णमाया न्यौपाने | सि.अ.न.मि. | ५ | स्वास्थ्य | क.न. |
| १२ | २२०४१२ | शान्ती गहतराज | सि.अ.न.मि. | ५ | स्वास्थ्य | क.न. |
| १३ | २२१९३० | सुशिला बुढाथोकी | सि.अ.न.मि. | ५ | स्वास्थ्य | क.न. |
| १४ | २२०६८० | राजु धिताल | सि.अ.न.मि. | ५ | स्वास्थ्य | क.न. |
| १५ | २२७४८८ | स्मृति तिवारी | अ.हे.ब. | ४ | स्वास्थ्य | हे.ई. |
| १६ | २२८२८८ | शरु थापा | अ.न.मि. | ४ | स्वास्थ्य | क.न. |

निर्णय नं. ३

कोहलपुर बसपार्कको समग्र व्यवस्थापनका लागि पेश भएका बोलपत्रहरु मध्ये छनौट भएको बागेश्वरी यातायात प्रा.लि.सँग सम्झौताको मस्यौदाका शर्तहरु बुँदागतरुपमा छलफल गरीयो । उक्त शर्तहरु बमोजिम सो प्रा.लि.सँग सम्झौता गरी २०८० श्रावण १५ गतेदेखि बसपार्क सञ्चालन एवं भाडा कायम गर्ने । साथै सम्झौता पश्चात कार्यान्वयनको क्रममा कुनै विषयमा बसपार्क सञ्चालन सम्बन्धमा समस्या वा द्विविधा उत्पन्न भएमा कार्यविधिको दफा ४ बमोजिमको बसपार्क व्यवस्थापन समितिले निर्णय गरी निकास गर्ने । कुनै नीतिगत एवं आर्थिक विषयमा निर्णय गर्नुपरेमा सो समिति मार्फत कार्यपालिकामा पेश गरी निर्णय भए बमोजिम गर्ने ।

निर्णय नं. ४

यस नगरपालिकाको आ.ब. २०७९/०८० को वित्तीय प्रगतिका बारेमा बैठकमा जानकारी गराईयो । हालसम्म चालु तर्फ ८४.६६% र पुँजिगत तर्फ ७०.२३ वित्तीय प्रगति रहेको देखियो । आ.ब. २०७९/०८० मा शाखा, उपशाखा एवं वडा कार्यालयहरुबाट भए गरेका कार्यहरुको वार्षिक प्रगति समिक्षा मिति २०८०/०४/२५ गते दिउँसो १:०० बजेदेखि र ऐ. २६ गते दिनको १:०० बजेदेखि गर्ने । आगामी आ. ब. २०८०/०८१ को बजेट शीर्षक अनुसार सफ्टवेयर(SUTRA) मा प्रबिष्टि गर्ने

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या २८। २०७९-०८४
मिति २०८०।३।३० को
निर्णय प्रमाणित

एवं स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा विषयगत समिति संयोजकहरुले स्पष्ट खाका तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने ।

निर्णय नं. ५

समृद्धिका वन परियोजना (रेड) अन्तर्गत वन प्राबिधिकको पारिश्रमिक सम्बन्धमा प्राप्त मिति २०७९/१२/०५ को परिपत्रानुसार यस नगरपालिकामा कार्यरत वन प्राविधिक श्री नमिश पौडेललाई स्थानीय तहको सातौ तह ले पाउने शुरु स्केल तलब बराबर मासिक सुबिधा हुने गरी आ.ब. २०८०/०८१ का लागी करार सम्झौता गर्ने ।

निर्णय नं. ६

श्री राम माध्यमिक विद्यालय, कोहलपुर १४ को आवश्यक सहयोग सम्बन्धी मिति २०८०/०३/२९ को पत्र सम्बन्धमा उक्त विद्यालयमा लायन्स क्लब इन्टरनेशनलले चमेना गृह निर्माण गरिदिने भएकोले उक्त निर्माण कार्यका लागी नगरपालिकाबाट चमेना गृहको लागत इस्टिमेट र डिजाईन तयारी गर्ने एवं नगरपालिको २५% लागत साझेदारीमा लायन्स क्लब इन्टरनेशनलसँग सम्झौता गर्ने ।

निर्णय नं. ७

यस नगरपालिकाको वडा नं. ११ मा महेन्द्र राजमार्गको उत्तर रक्षा सामुदायिक वन र वडा नं. २ रत्न राजमार्गको पूर्व तर्फ रहेको जन एकता मध्यवर्ती सामुदायिक वन पर्ने गरी बोटानिकल पार्क निर्माण गर्ने।

[पुनश्चः यस कार्यपालिकाको निर्णय नं. २ मा वडा नं. ३ का वडा अध्यक्ष श्री माधव रिजाल, वडा नं. ५ का वडा अध्यक्ष श्री दिपेन्द्र श्रेष्ठ एवं वडा नं. ११ का वडा अध्यक्ष कल्पना शर्माले निर्णय नं. २ मा O&M मा उल्लेख गरिएको दरबन्दी अनुसार पद रिक्त हुँदाहुँदै स्थायी कर्मचारी फिर्ता गरी नयाँ कर्मचारी भर्ति गर्ने नियत देखिएकोले यो निर्णयमा असहमती छ भनी असहमति नोट अफ डिसेन्ट गर्नुभएको छ ।]

२०८०।५।२०
टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत